# महान्यायाधिवक्ताको कार्यालय

(.......................... सचिवालय .......................... शाखा)

नेपाल

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८

चलानी नं. :- सचिवालय/४५

मिति :- २०७७/०६/२२

विषय: अभियोजन सुधार सम्बन्धमा निर्देशन।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालयले चालु **आ.व. २०७७/०७८ लाई अभियोजन सुधार वर्ष**को रुपमा घोषणा गरी कार्यान्वयनमा ल्याउन विभिन्न सूचकहरु सार्वजनिक गरिसकेको व्यहोरा अवगतै छ ।सोही सन्दर्भमा अभियोजन सम्बन्धी कामकारबाहीलाई थप प्रभावकारी बनाउनका लागि देहाय बमोजिम गर्न/गराउन सबै सरकारी वकील कार्यालयहरुलाई निर्देशन दिने भनी व्यवस्थापन समितिबाट मिति २०७७।६।२२ मा निर्णय भएकोले सो अनुसार गर्न गराउनु हुन अनुरोध गरिन्छः

**(क) अनुसन्धानमा निर्देशन गर्ने सम्बन्धमा**

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १० बमोजिम अनुसूची १ र २ मा उल्लिखित कुनै कसूरको सम्बन्धमा अनुसन्धान अधिकारीबाट प्रारम्भिक अनुसन्धान प्रतिवेदन सरकारी वकील कार्यालयमा प्राप्त भएपछि सरकारी वकीलले त्यसको अध्ययन गरी कसूरसँग सम्बन्धित कुनै थप विषयमा अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिनु पर्ने देखिएमा त्यसको कारण खुलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको हुँदा उक्त कानूनी व्यवस्थाको उद्देश्य अनुरुप प्रारम्भिक अनुसन्धान प्रतिवेदन समयमा नै प्राप्त गर्ने र त्यसको अध्ययन गरी कसूरको अनुसन्धानमा आवश्यक देखिएका कागज प्रमाण संकलन लगायतका विषयमा अनुसन्धानकर्तालाई निर्देशन दिने गरी सो कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने।

२. अनुसन्धानकर्ताबाट कसूरको अनुसन्धान पूरा भएपछि अनुसन्धान प्रतिवेदन सहितको मिसिल सरकारी वकील समक्ष प्राप्त भएपश्चात मिसिल अध्ययन गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा थप प्रमाण संकलन गर्न वा थप अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ को उपदफा (४) मा रहेको कानूनी व्यवस्थाको आधारमा कसूरसँग सम्बन्धित र आवश्यक देखिएका विषयमा थप अनुसन्धान गर्न वा थप प्रमाण संकलन गर्न अनुसन्धान अधिकारीलाई निर्देशन गरी सो कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

३. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५ को कानूनी व्यवस्था अनुसार अपराध पीडितले चाहेमा कसूरको कारणले आफूलाई प्रत्यक्षरुपमा परेको क्षति वा प्रभावको उल्लेख गरी कसूरको अभियोगपत्र दायर हुनुभन्दा अगावै अभियोजन गर्ने अधिकारी समक्ष वा पीडितको कावु बाहिरको परिस्थिति परी अभियोगपत्र दायर हुनु अगावै त्यस्तो प्रतिवेदन अभियोजन गर्ने अधिकारी समक्ष पेश गर्न नसकेमा अभियोगपत्र दायर भएको मितिले एक महिना भित्र अभियोजन गर्ने अधिकारी समक्ष त्यस्तो प्रतिवेदन पेश गर्न सकिने व्यहोरा अपराध पीडितलाई मुद्दाको अनुसन्धानकै क्रममा अनुसन्धान अधिकारी मार्फत जानकारी गराई सोको निस्सा मिसिल संलग्न गर्न लगाउने।

**(ख) अभियुक्तसँग बयान लिने सम्बन्धमा**

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६ मा अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष सम्बन्धित अभियुक्तको बयान लिने व्यवस्था गरेको छ। अभियुक्तको बयान लिने सम्बन्धमा सरकारी वकीलले फाईल अध्ययन गरी अभियुक्तका अधिकारको सम्मान र संरक्षणमा ध्यान दिई कसूरको सत्यता पत्ता लगाउन कसूरसँग सम्बन्धित विषयमा खुलाउनुपर्ने सबै कुरा खुल्ने गरी सरकारी वकीलले अनिवार्य आफ्नो उपस्थितिमा बयान लिने र यसका लागि अनुसन्धान अधिकारीसँग समन्वय गर्ने।

**(ग) पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्न म्याद थप लिने सम्बन्धमा**

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ बमोजिम कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ परेको कसूरदारलाई २४ घण्टा भन्दा बढी हिरासतमा राखी अनुसन्धान गर्न आवश्यक र मनासिव देखिएमा हिरासतमा राख्नुपर्ने आधार र कारण प्रष्ट रुपमा उल्लेख गरी फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को अनुसूची- ८ को ढाँचामा म्याद थपका लागि अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष फाईल पेश गर्नुपर्ने र सरकारी वकीलले अभियुक्तलाई हिरासतमा राख्नुपर्ने आधार र कारण, निज उपरको अभियोग, अनुसन्धानको प्रगति लगायतका विषय उल्लेख गरी प्रहरी हिरासतमा राख्न अनुमतिका लागि अदालत समक्ष निवेदन पेश गर्नुपर्ने व्यवस्था अनुसार अनुसन्धान अधिकारी तथा सरकारी वकीलले हिरासतमा राख्नुपर्ने आधार र कारण अनिवार्य रुपमा उल्लेख गरी मुद्दा हेर्ने अधिकारी समक्ष हिरासतमा राख्ने म्याद थपका लागि निवेदन गर्ने

व्यवस्थाको कार्यान्वयन गर्ने। यसका लागि सम्बन्धित सरकारी वकीलले अनुसन्धान अधिकारीसँग आवश्यक समन्वय र निर्देशन गर्ने।

**(घ) अभियोजन सम्बन्धी निर्णय**

१. अनुसन्धान प्रतिवेदन सहितको मिसिल प्राप्त भएपछि संकलित सबुद प्रमाणको मूल्याकंनबाट कसूर भएको देखिएको र मुद्दा चल्ने पर्याप्त आधार देखिएमा मुद्दा चलाउने निर्णय गर्ने र सवुद प्रमाणको अभाव देखिएमा मुद्दा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकीलमा रहेको विदितै छ। अभियोजनमा निष्पक्षता कायम गर्ने, प्रमाणमा आधारित भएर मात्र अभियोजन गर्ने तथा स्वच्छ र वस्तुनिष्ठ अभियोजन गर्ने कुरामा विशेष ध्यान दिई मुद्दा चल्ने नचल्ने निर्णयमा लिने आधार र प्रमाण तथा तिनको सही र निष्पक्ष विश्लेषण गरी भएको निर्णयबाट मात्र अभियोजनमा सुधार गर्न सकिने हुँदा ती कुरामा विशेष ध्यान दिने।

२. अभियोजनको निर्णयमा एकरुपता कायम गर्न निर्णय पुस्तिकामा निम्न ढाँचा अबलम्बन गर्नः-,

श्री...............कार्यालयका.......................ले गरेको

निर्णय

| | |
|---|---|
| निर्णय नं.- | निर्णय मितिः- |
| मुद्दाः- | वारदात मितिः- |
| जाहेरवालाः- | जाहेरी दर्ता मितिः- |
| प्रतिवादीः- | मिसिल प्राप्त मितिः- |

मिसिल पेश गर्ने कार्यालय र अनुसन्धान अधिकारीः-

निर्णयको व्यहोराः

.......................................................................................................................................

३. अभियोजन सम्बन्धी निर्णय गर्दा कानूनले एक भन्दा बढी निर्णय गर्नुपर्ने व्यवस्था गरेकोमा बाहेक पटक पटक निर्णय नगरी एकै पटक निर्णय गर्ने। (जस्तैः कुनै कसूरमा बयस्क र बालबालिका संलग्न भएको मुद्दा चलाउने/नचलाउने वा केही प्रतिवादीको हकमा मुद्दा चलाउने र केही प्रतिवादीको हकमा मुद्दा नचलाउने (आंशिक) निर्णय गर्दा पटक पटक निर्णय नगरी एकैपटक निर्णय गर्ने।)

(ङ) अभियोगपत्र तयारी सम्बन्धमाः-

अभियोगपत्र तयार गर्दा अन्य कुराका अतिरिक्त निम्न विषयमा ध्यान दिनेः-

१. मुद्दा हेर्ने क्षेत्राधिकारका आधारमा अभियोगपत्र पेश गरिने निकाय यकिन गरी सो निकायको नाम उल्लेख गर्ने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२, सोही संहिताको अनुसूची- २० तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ ले निर्दिष्ट गरेका कानूनी व्यवस्था अनुसार अभियोगपत्र तयार गर्ने साथै अभियुक्तको उमेर, नाम, थर, वतन लगायतका परिचयात्मक विवरण खुल्ने कागज अनिवार्य रुपमा समावेश गर्ने।

३. अभियोगपत्रको तथ्य व्यहोरा खण्डलाई संक्षिप्त रुपमा उल्लेख गर्ने। सो खण्डमा संक्षेपमा मुद्दाका तथ्यहरुलाई घटनाक्रमका आधारमा क्रमशः उल्लेख गर्ने। अभियोगलाई समर्थन गर्ने तथ्यहरु लेख्न नछुटाउने। अभियोगलाई समर्थन नगर्ने विवरण उल्लेख नगर्ने। अनुसन्धान अधिकृतबाट प्राप्त भएको रायमा उल्लिखित तथ्यलाई जस्ताको तस्तै कपि पेष्ट नगरी आवश्यकता अनुसार सम्बन्धित मिसिल कागजातका आधारमा परिमार्जन गरी उल्लेख गर्ने ।

४. फरार रहेका अभियुक्तलाई अभियोजन गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५८ को उपदफा (१५) तथा दफा ६५ को उपदफा (१) को प्रयोजनार्थ सोही संहिताको दफा ३२ को उपदफा (१) को खण्ड (ञ१) एवम् मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ को उपनियम (१) को कानूनी व्यवस्थाले निर्देश गरे बमोजिम अनिवार्य रुपमा अभियुक्तको सम्पत्ति तथा अन्य विवरण र निज कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति भए सोको विवरण समेत उल्लेख गर्ने।

५. सहअभियुक्त वा अपराध पीडितबाट अभियुक्तको पहिचान खुल्ने खालका कुनै विवरण वा फोटो आदि प्राप्त भएमा सनाखत गराई पछिसम्म पहिचान फरक नपर्ने गरी मात्र अभियोजन गर्ने।

६. मुद्दाको संक्षिप्त तथ्य खण्डमा उल्लेख गरिएका विषयलाई कपि पेष्ट गरी अभियोग खण्डमा पुनः दोहोरिने गरी नराख्ने। आवश्यक तथ्यको संक्षिप्त विश्लेषण गरी प्रष्टसँग कसूरसँगको सम्वन्ध स्थापित गर्ने।

७. अभियोग खण्डमा अभियुक्तले गरेको कसूर, सम्बन्धित कानून, अभियुक्तलाई हुने सजाय र लागू हुने कानूनको दफा तथा सो कसूर पुष्टि गर्ने प्रमाण उल्लेख गर्ने।

८. अपराध पीडित वा निजका आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनुपर्ने वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनुपर्ने अवस्था विद्यमान रहेको भए त्यस्ता व्यक्तिलाई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९, मुलुकी अपराध संहिता, २०७४ को दफा ४८ ( बालबलिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ अनुसारका बालबालिका विरुद्धको कसूर कायम गरी सोही ऐनको दफा ७२ अनुसार सजाँय हुन तथा दफा ७३ अनुसार क्षतिपूर्ति भराइदिन अभियोग दाबी लिइएका मुद्दामा सोही ऐनको दफा ७३ को उपदफा (४) समेत) तथा फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ को नियम १० को कानूनी व्यवस्थाले निर्देश गरे बमोजिम औषधि उपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन आधार र कारण खुलाई मुद्दा हेर्ने निकाय समक्ष मागदाबी गर्ने।

९. अपराध पीडितलाई क्षतिपूर्तिको दाबी लिनु पर्ने अवस्थामा क्षतिपूर्ति भराई दिनुपर्ने कसूरसँग सम्बन्धित कानूनी व्यवस्थाका अतिरिक्त मुलुकी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४८, फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ को नियम १७ एवम् मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ को उपनियम (४) समेतका कानूनी आधार र खुलाउन सकेसम्मका अन्य आधार एवम् औचित्य सहित क्षतिको स्पष्ट विवरण र प्रकृति समेत उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को खण्ड (ड) ले निर्देश गरे बमोजिम दाबी गर्ने। क्षतिपूर्ति भराउने प्रयोजनका लागि मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ को उपनियम (४) को खण्ड (क) देखि (च) सम्मका कानूनी व्यवस्थाले निर्देश गरे बमोजिम सम्बन्धित प्रतिवादीको हक पुग्ने सम्पत्तिको सम्भव भएसम्मको विवरण प्रमाण सहित खुलाई सोही नियमको उपनियम (५) बमोजिम त्यस्तो सम्पत्ति रोक्का राख्न समेत माग गर्ने। अभियोगपत्र दायर भइसकेपछि सरकारी वकील कार्यालय मार्फत अपराध पीडितले प्रतिवादीको कुनै सम्पत्ति देखाई रोक्का राख्न निवेदन दिएमा सोही नियमको उपनियम (६) बमोजिमको प्रकृयाका लागि कारबाही गर्ने। बिगो भराउन मागदाबी लिनुपर्ने अवस्थाका मुद्दामा भराउनुपर्ने बिगो यकिन गरी सोको कानूनी आधारसहित मागदाबी लिने।

१०. विशेष प्रकृतिको मुद्दामा पक्षको गोपनियता कायम गर्नु पर्ने तथा बन्द इजलासबाट सुनुवाइ गर्नु पर्ने अवस्थामा कानूनी आधार सहित अभियोगपत्रमा सो सम्बन्धी विवरण उल्लेख गर्ने । पक्षको गोपनियता राख्दा निर्धारित प्रकृया बमोजिम राख्ने ।

११. बालबालिका संलग्न भएका मुद्दामा अभियोजन गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई दृष्टिगत गरी संवेदनशील भएर अभियोजन गर्ने। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ तथा बाल

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३७ ले निर्धारण गरे बमोजिमको आधार अनुसार उमेर यकिन गरी सोको प्रमाण समेत पेश गर्ने।

१२. एकै मुद्दामा एक भन्दा बढी अभियुक्त भएमा आधार र प्रमाण सहित प्रतिव्यक्ति कसूर र सजायको दाबी लिने ।

१३. अनुसन्धानको क्रममा प्रतिवादीको सम्पत्ति वा कुनै विवरण रोक्का गरिएको भए सोको विवरण र मूल्यांकन खुले सो समेत अभियोगपत्रमा उल्लेख गर्ने ।

१४. सबुद प्रमाण खण्डमा साक्षीको नाम, थर र वतन स्पष्ट उल्लेख गर्ने । सम्भव भएसम्म सम्पर्क नम्बर र वतन खुल्ने कागज समेत राख्ने । अभियोग दाबीलाई समर्थन नगर्ने वा असम्बद्ध मानिस तथा कागजलाई साक्षी प्रमाणको रुपमा प्रस्तुत नगर्ने। गोश्वारा रुपमा बुझिएका मानिस/कागज गर्ने मानिसहरु जस्ता भाषा उल्लेख नगर्ने।

१५. अभियोगपत्रमा दसी प्रमाणका रुपमा पेश भएका वा जफतको मागदाबी लिइएका मालसामान तथा अन्य सम्पत्तिको हकमा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ को उपनियम (३) को खण्ड (क) देखि (च) सम्मका कानूनी व्यवस्थाले निर्देश गरे बमोजिमको विवरण खुलाई प्रष्ट रुपमा नै उल्लेख गर्ने। असम्बद्ध वा असान्दर्भिक बस्तुलाई दशीको रुपमा प्रस्तुत नगर्ने। दसी प्रमाण खण्डमा मुद्दासँग असम्बन्धित गोश्वारा रुपमा बरामदी मुचुल्कामा उल्लेख भएका चीजवस्तु नलेख्ने।

१६. विशेषज्ञ समक्ष परीक्षण गर्न पठाइएका प्रमाणको परीक्षण प्रतिवेदन समयमा प्राप्त गर्न समन्वय गर्ने। सम्भव भएसम्म परीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र अभियोजन गर्ने। परीक्षण प्रतिवेदनमा उल्लिखित विशेषज्ञको रायलाई अभियोगपत्रमा समावेश गर्दा भाषिक शुद्धता कायम गर्न विशेष सतर्कता अपनाउने।

१७. मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को अनुसूची ३० मा उल्लिखित मुद्दामा सोही नियमावलीको नियम ९६अनुसार निरन्तर सुनुवाइका लागि मागदाबी लिने र निरन्तर सुनुवाइ प्रक्रियामा तदारुकता देखाउने।

१८. मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ अनुसार एकीकृत कसूर बापत सोही संहिताको दफा ४४ अनुसार पटके बापत तथा अन्य संवद्ध कानूनले निर्धारण गरेको विशेष अवस्थामा थप सजाय हुने अवस्था छ/छैन भन्ने बारेमा विशेष ध्यान दिई कानूनले निर्दिष्ट गरेको मकसद् बमोजिम थप दाबी लिने।

१९. मुद्दाको प्रकृति अनुसार कानूनी व्यवस्थाका आधारमा नैतिक पतनमा दाबी लिनु पर्ने अवस्था देखिएमा सोको दाबी लिने।

(च) विविधः-

१. अभियोजनका बारेमा कुनै जटिलता आइपरेमा महान्यायाधिवक्ताको कार्यालयमा रहेको सहजीकरण समितिबाट निकासा लिने ।

२. उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले आफ्नो कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुमा कार्यरत प्रत्येक सरकारी वकीलले अभियोजन गरेका अभियोगपत्रबाट तथा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले आफ्नो कार्यालयका प्रत्येक सरकारी वकीलले अभियोजन गरेका अभियोगपत्रबाट कम्तीमा पाँचवटा उत्कृष्ट अभियोगपत्र छनौट गरी २०७७ कार्तिक महिनाभित्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने।

३. मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ तथा अन्य विषयगत विशेष ऐनको कानूनी व्यवस्था अनुसार कुनै अभियुक्तका हकमा सजाँय छुट दिन सकिने अर्थात सजाय कम गर्ने मागदाबी लिई अभियोगपत्र दायर गर्न सकिने अवस्था भएमा सोको आधार कारण खुलाई मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ को उपनियम (२) को कानूनी व्यवस्थाले निर्देश गरे बमोजिम छुट दिन प्रस्ताव गरिएको सजायको प्रतिशत स्पष्ट रुपमा उल्लेख गरी सजाय कम गर्ने मागदाबी लिई अभियोजन गर्ने। यस्तो मागदाबी भएका अभियुक्तले मुद्दा हेर्ने निकायमा अनुसन्धान अधिकारी वा सरकारी वकील समक्ष दिएको भन्दा प्रतिकूल बयान वा प्रमाण दिएमा वा आफ्नो कसूर इन्कार गरेमा वा न्यायिक कारबाहीमा सहयोग नपुऱ्याएमा (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ को उपदफा (६) को अवस्था भएमा) सोही संहिताको दफा ३३ को उपदफा (७) एवम् मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १८ र २० ले निर्दिष्ट गरेको कानूनी व्यवस्था अनुसार त्यस्तो अभियुक्तलाई प्रस्ताव गरिएको छुट सजाँय रद्द गरी थप सजाँयको मागदाबी गरी तत्काल मुद्दा हेर्ने निकायमा निवेदन दिने।

४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ अनुसार थप दाबी लिई मुद्दा दायर गर्दा त्यस्तो अभियोगपत्रमा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २१ को उपनियम (१) को कानूनी व्यवस्थाले निर्देश गरे बमोजिमका विवरण अनिवार्य रुपमा उल्लेख गर्ने।

५. अभियोगपत्र संशोधन विषय नियम (Rule) नभएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ ले निर्दिष्ट गरेको अवस्था स्पष्ट देखिए मात्र सोको कारबाही प्रारम्भ गर्ने।

६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३७ को उपदफा (२) को स्पष्टीकरण खण्डमा उल्लेख भए अनुसार अभियोगपत्रमा "सानातिना त्रुटी" सच्याउन पर्ने अवस्था भएमा शुरू तहबाट मुद्दाको फैसला हुनु अगावै त्यस्तो त्रुटी भएको थाहा भएपछि तत्काल सोही संहिताको दफा ३७ को उपदफा (१) अनुसार मुद्दा हेर्ने निकाय समक्ष निवेदनपत्रको ढाँचामा पेश गर्ने र त्यसरी निवेदन

दिएको व्यहोरा अभियोगपत्रमा जनाई त्यस्तो निवेदन दिने सरकारी वकीलले दस्तखत गरी प्रमाणित गर्ने।

७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४ को उपदफा (३) मा उल्लेख भए अनुसारका खास किसिमका सानातिना कसूरमा सोही दफाको उपदफा (१) को प्रयोजनार्थ नेपाल राजपत्र, खण्ड ६८, २०७५ असोज १, संख्या २६, भाग-४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचनामा उल्लेख भए अनुसार माननीय महान्यायाधिवक्ताज्यूबाट सबै जिल्लाका सरकारी वकीलहरुलाई अधिकार प्रत्यायोजन भए बमोजिम कानूनले निर्देश गरेका प्रकृया पूरा गरी मुद्दा दायर नगर्ने निर्णय गर्ने।

८. अभियोगपत्रमा उल्लेख गरेको कुनै साक्षी तत्काल उपस्थित नगराएमा पछि उपस्थित गराउन नसकिने अवस्था भएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१ को उपदफा (५) ले निर्देश गरेको कानूनी व्यवस्था बमोजिम प्रमाण सहित त्यस्तो कारण देखाई त्यस्ता साक्षीलाई तत्कालै उपस्थित गराई बकपत्र गराउन अभियोगपत्रमा नै अनुरोध गर्ने।

लोकराज पराजुली
सहन्यायाधिवक्ता
..............................

<u>बोधार्थ</u>

**प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयः** यस परिपत्रमा उल्लेख भएका कुराहरु बारेमा अपराध अनुसन्धान गर्दाका बखत तथा अनुसन्धान प्रतिवेदन तयार गर्ने सन्दर्भमा ध्यान दिन अपराध अनुसन्धान गर्ने सबै प्रहरी एकाइहरुमा परिपत्र गरिदिनुहुन।


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np